# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालमा मानवअधिकारको स्थिति तथा प्राविधिक सहायतालगायत आफ्नो कार्यालयका गतिविधिसम्बन्धी प्रतिवेदन




United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

A/HRC/10/53
फागुन २०, २०६५

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय–नेपाल) द्वारा २०६६ मा प्रकाशित**

**प्रतिलिपि अधिकारः उच्चायुक्तको कार्यालय–नेपाल २०६६**

**प्रारूपण तथा मुद्रणः अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा. लि.**
**टेकु, काठमाडौँ, फोनः ४२४२०७१**

**थप जानकारीको लागि सम्पर्क राख्नुहोस्:**

**प्रधान कार्यालय / मध्यमाञ्चल क्षेत्र**
सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड, पोस्ट बक्सः २४५५५, काठमाडौँ
फोनः ०१-४२८०१६४, फ्याक्सः ०१-४६७०७१२
इमेलः registry.np@ohchr.org / registry.ktm.np@ohchr.org

**उप–शाखा कार्यालय / मध्यमाञ्चल क्षेत्र**
शिवचोक, जनकपुर-२, धनुषा
फोनः ०४१-५२७५५१, फ्याक्सः ०४१-५२७५५०

**पूर्वाञ्चल क्षेत्र**
विनायक रोड, तीनटोलिया-१४, ब्लक नं. १८, विराटनगर
फोनः ०२१-५३४१२४, फ्याक्सः ०२१-५३४१२६
इमेलः registry.btn.np@ohchr.org

**पश्चिमाञ्चल क्षेत्र**
खहरिपथ, लेकसाइड, पोस्ट बक्सः १६०, पोखरा
फोनः ०६१-४६२४५५, फ्याक्सः ०६१-४६२५५४
इमेलः registry.pok.np@ohchr

**मध्यपश्चिमाञ्चल क्षेत्र**
कौशल्या मार्ग, वडा नं. १६, नेपालगन्ज
फोनः ०८१-५२१९८९, फ्याक्सः ०८१-५२४३३७
इमेलः registry.npj.np@ohchr.org

**सुदूरपश्चिमाञ्चल क्षेत्र**
हसनपुर-५, धनगढी, कैलाली, फोनः ०९१-५२३५०३, फ्याक्सः ०९१-५२६७०४
इमेलः registry.dgd.np@ohchr.org

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालमा मानवअधिकारको स्थिति तथा प्राविधिक सहायतालगायत आफ्नो कार्यालयका गतिविधिसम्बन्धी प्रतिवेदन

## सङ्क्षेप

प्रस्तुत प्रतिवेदनले सन् २००८ मा नेपालमा मानवअधिकारको स्थिति तथा नेपालस्थित उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)का गतिविधिहरूलाई समेटेको छ। मेरा पूर्ववर्तीद्वारा गत वर्ष प्रतिवेदन प्रस्तुत गरिएयता धेरै उल्लेख्य राजनीतिक घटनाक्रमहरू भएका छन्, जसमा संविधानसभाको निर्वाचन, गणतन्त्रको घोषणा तथा नयाँ सरकारको गठन एवं मानवअधिकार संरक्षणलाई सबल बनाउने उद्देश्यले गरिएका कानुनी तथा संस्थागत सुधारलगायतका कुराहरू पर्दछन्। दण्डहीनता तथा गहिरो असमानता र भेदभावलगायतका द्वन्द्वका मूल कारणहरूलाई सम्बोधन गर्ने सम्बन्धमा चुनौतीहरू अद्यापि छन्। सार्वजनिक सुरक्षामा सुधार तथा तराई (समथर भूभाग)मा कार्यरत सशस्त्र समूहहरूको सङ्ख्यामा भएको विस्तारले गर्दा खतरामा परेको आम जनताको बाँच्न पाउने, स्वतन्त्रता र सुरक्षाको अधिकार संरक्षण गर्ने कुरा पनि प्राथमिकतामा पर्नैपर्छ।

नेपालको भावी संविधानमा मानवअधिकार र मौलिक स्वतन्त्रता सुनिश्चित गरेर समेत मानवअधिकारको स्थितिमा दिगो सुधार ल्याउन शान्ति प्रक्रियाका सबै पक्षहरूले आफ्ना प्रतिबद्धताहरूलाई ठोस कार्यमा परिणत गर्नुपर्ने आवश्यकतामा यस प्रतिवेदनले जोड दिएको छ। मानवअधिकारको स्थितिमा दिगो सुधार तथा राष्ट्रिय संस्थाहरूको सुदृढीकरणका लागि सम्बद्ध सबै पात्रहरूको संयुक्त सहयोग र संवादमार्फत् लामो समयसम्मको अविच्छिन्न प्रयास आवश्यक पर्छ। उच्चायुक्तको कार्यालय-नेपाल यस प्रयत्नमा नेपाल सरकार तथा नेपाली जनतालाई सहयोग जारी राख्न तयार छ।

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

# विषयसूची

**१. परिचय ........................................................................ १**

**२. संयुक्त राष्ट्रसङ्घका अन्य सङ्गठनसँगको सहयोगलगायत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका कार्यादेश तथा गतिविधिहरू ........................................ १**

**३. नेपालमा मानवअधिकार तथा शान्ति प्रक्रिया ................................ ३**

क. भेदभाव र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार .............. ४

ख. सङ्क्रमणकालीन न्याय तथा दण्डहीनता .................................. ९

ग. सार्वजनिक सुरक्षा तथा कानुनी शासन .................................. १२

१. बलको अत्यधिक प्रयोग .............................................. १५

२. राज्यअधिकारीहरूबाट भएको पक्राउ तथा थुना .................. १६

३. राजनीतिक दलहरूसँग आवद्ध व्यक्तिहरूबाट भएका दुर्व्यवहार १७

घ. लोकतान्त्रिक प्रक्रिया .......................................................... १८

१. संविधानसभाको निर्वाचन .............................................. १८

२. नयाँ सरकारको गठन .................................................... २०

३. संविधान निर्माण प्रक्रिया .............................................. २०

ङ. मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने राष्ट्रिय क्षमताको सबलीकरण .................................................................. २१

१. राष्ट्रिय मानवअधिकार आयोग ........................................ २१

२. नागरिक समाज ........................................................ २२

३. संविधानसभा ............................................................ २३

४. सुरक्षाफौज ............................................................ २४

५. अन्तर्राष्ट्रिय सन्धि निकायहरूमा प्रतिवेदन गर्ने दायित्व ........ २४

**४. निष्कर्ष तथा सिफारिसहरू .................................................. २५**

## (१) परिचय

१. नेपालमा उच्चायुक्तको कार्यालय स्थापना भएयता उच्चायुक्तद्वारा मानवअधिकार परिषद्मा प्रस्तुत यो तेस्रो प्रतिवेदन हो । मेरा पूर्ववर्ती उच्चायुक्तले यस्तो पहिलो प्रतिवेदन सन् २००७ जनवरीमा (ए/ एचआर सी/४/९७) तथा दोस्रो प्रतिवेदन सन् २००८ फेब्रुअरीमा (ए/एचआर सी/७/६८) प्रस्तुत गर्नुभएको थियो । यस प्रतिवेदनमा नेपालमा मानवअधिकारको स्थितिको विश्लेषण तथा सन् २००८ मा उच्चायुक्तको कार्यालयका गतिविधिसम्बन्धी प्रतिवेदनहरू समेटिएका छन् ।

२. संविधानसभाको निर्वाचन सम्पन्न हुनु तथा पहिलेका कुनै पनि सरकार भन्दा बढी नेपाली जनताको प्रतिनिधिमूलक लोकतान्त्रिक रूपमा निर्वाचित सरकारको गठन हुनुलगायत शान्ति प्रक्रियालाई अगाडि बढाउनमा सन् २००८ मा महत्त्वपूर्ण प्रगति भयो । सरकारले संरचनागत भेदभाव र असमानतालगायत द्वन्द्वका मूल कारण तथा परिणामहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसले सङ्क्रमणकालीन न्यायसम्बन्धी उपायहरूलाई कार्यान्वयन गर्न र विगतका तथा जारी उल्लङ्घनहरूका लागि दण्डहीनतालाई सम्बोधन गर्ने पनि प्रतिबद्धता व्यक्त गरेको छ । तथापि, यी उद्देश्यहरू प्राप्त गर्ने हो भने अगाडि अझै पनि केही महत्त्वपूर्ण चुनौतीहरू रहेका छन् ।

## (२) संयुक्त राष्ट्रसङ्घका अन्य सङ्गठनसँगको सहयोगलगायत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका कार्यादेश तथा गतिविधिहरू

३. नेपाल सरकार तथा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तबीच सन् २००५ मा भएको सम्झौतामा कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)को कार्यादेश उल्लेख गरिएको छ । उच्चायुक्तको कार्यालय-नेपाललाई मानवअधिकारसम्बन्धी चुनौतीहरूको सम्बोधन गर्न बृहत् पद्धति लागू गर्न थप दुई वर्षका लागि सन् २००७ जुनमा सम्झौता नवीकरण गरियो । वि.सं. २०६३ मङ्सिर ६ गते भएको विस्तृत शान्ति सम्झौताले सम्झौताका मानवअधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयन गर्ने उच्चायुक्तको कार्यालय-नेपालको कार्यलाई समर्थन गरेको छ । यस

कार्यालयका अनुगमन तथा क्षमता अभिवृद्धि गतिविधिहरू घटनाक्रमसँग समायोजन गर्न तथा प्रभावलाई बलियो बनाउन अन्तरसम्बन्धित हुँदै गएका छन् । नीति तथा कानुनको विश्लेषण, तालिम, परामर्श तथा घटना वा विषयगत मुद्दाहरूसम्बन्धी प्रतिवेदनमार्फत् सरकारलाई प्राविधिक सहायता उपलब्ध गराइएको थियो । विगतका वर्षहरूमा मेरो कार्यालयले पाउँदै आएको व्यापक सहयोगका लागि म राज्यअधिकारी तथा अन्य सम्बद्ध सरोकारवालाहरूको प्रशंसा गर्न चाहन्छु ।

४. सन् २००८ मा भएको शान्ति प्रक्रियाको सकारात्मक विकासले गर्दा उच्च्यायुक्तको कार्यालय–नेपालले आफ्ना कार्यक्रम र गतिविधिहरूको संरचनालाई परिवर्तन गर्नुका साथै नेपालमा सारभूत रूपमा मानवअधिकारको संरक्षणलाई सुधार गर्नमा प्राथमिक महत्त्वको ठानिएका तीनवटा क्षेत्रहरूमा संकेन्द्रण गर्दै गयो । तिनमा सीपहरूको हस्तान्तरणमा जोड दिँदै मानवअधिकारवादी संस्था र नागरिक समाजलाई सबल बनाउने; दण्डहीनता, कानुनी शासन तथा जवाफदेहीता; तथा भेदभाव र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू पर्दछन् । मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न उच्च्यायुक्तको कार्यालय–नेपाल विशेषगरी राष्ट्रिय मानवअधिकार आयोगसँगको सहकार्य तथा मानवअधिकार रक्षक र नागरिक समाजका अन्य सदस्यहरूको क्षमता अभिवृद्धिमा संकेन्द्रित भयो । उच्च्यायुक्तको कार्यालय–नेपालले राष्ट्रिय साझेदारहरूसँगको सहकार्यमा गम्भीर तथा प्रतीकात्मक मानवअधिकार उल्लङ्घनहरूको अनुसन्धानलाई पनि जारी राख्नुका साथै न्याय तथा उपचारात्मक कारबाहीको खोजीमा पीडितहरूलाई सहयोग गर्‍यो । उच्चायुक्तको कार्यालय–नेपालले मानवअधिकारसम्बन्धी विशेष सरोकारहरूलाई सम्बोधन गर्न सल्लाह तथा तालिम उपलब्ध गराउँदै सुरक्षाफौजसँग निकट रहेर काम गर्‍यो । मस्यौदा कानुनमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको परिपालनालाई सुनिश्चित गर्न त्यससम्बन्धी कानुनी सल्लाह उपलब्ध गराउने कार्य जारी राखियो ।

५. उच्चायुक्तको कार्यालय–नेपालले सुरक्षा परिषद् प्रस्ताव १७४० (२००७) बमोजिम सन् २००७ जनवरीमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अन्मिन)को स्थापना भएयता त्ययससँग निकट रहेर सहकार्य गरिरहेको छ । संयुक्त राष्ट्रसङ्घीय देशीय टोलीको सक्रिय सदस्यको रूपमा उच्चायुक्तको कार्यालय–नेपालले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय

निकायहरू विशेषगरी बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी सुरक्षा परिषद् प्रस्ताव १६१२ (२००५)को कार्यान्वयनमा संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष तथा सुरक्षा परिषद् प्रस्ताव १३२५ (२०००)को कार्यान्वयनलगायत लैङ्गिक मुद्दाहरूमा संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोषसँग निकट रहेर पनि सहकार्य गर्दछ । उच्चायुक्तको कार्यालय-नेपाल तथा संयुक्त राष्ट्रसङ्घीय विकास कोषबीचको सहकार्य विशेषतः राष्ट्रिय मानवअधिकार आयोगलाई सबल बनाउने कुरामा संकेन्द्रित छ भने अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)सँगको सहकार्य स्वतन्त्र मुलुकहरूमा आदिवासी तथा जनजातिहरूसम्बन्धी यसको सन् १९८९ को महासन्धि नं. १६९ सँग सम्बन्धित छ ।

६. अन्तरनिकाय स्थायी समितिको संरक्षण समूहको अगुवा निकायको हैसियतमा उच्चायुक्तको कार्यालय-नेपालले मुलुकको पूर्वाञ्चल तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका ठूलो भूभागलाई प्रभावित पार्नेगरी २०६४ साउन-भदौमा आएको बाढीसँग जोडिएका संरक्षणसम्बन्धी सरोकारहरूको अनुगमन गऱ्यो । उच्चायुक्तको कार्यालय-नेपालले बाढी प्रभावित जनताका निम्ति सरकारी सहायताको पक्षमा संयुक्त राष्ट्रसङ्घीय मानवीय सहयोग समन्वय कार्यालय (ओचा), विश्व खाद्य कार्यक्रम, युनिसेफ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राहत संस्थाहरूसँगको समन्वयीकृत प्रतिक्रियालाई सहजीकरण गऱ्यो ।

७. सरकारको निमन्त्रणामा आदिवासी जनजातिका मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदकको सन् २००८ नोभेम्बरमा भएको नेपाल भ्रमणका लागि उच्चायुक्तको कार्यालय-नेपालले सघायो । महासचिवका बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी विशेष प्रतिनिधिको सन् २००८ डिसेम्बरमा भएको भ्रमणका क्रममा पनि अन्मिन तथा युनिसेफलाई सहायता उपलब्ध गराइएको थियो ।

## (३) नेपालमा मानवअधिकार तथा शान्ति प्रक्रिया

८. सन् २००६ यता नेपालमा उल्लेख्य प्रगतिहरू भएका छन् । लगभग १३ हजार व्यक्तिको ज्यान गएको तथा १५ सयजति बेपत्ता हुनुका साथै हजारौँ विस्थापित भएको एक दशक लामो द्वन्द्वबाट निक्लेर नेपालले

सशस्त्र द्वन्द्वलाई त्याग गर्ने तथा मानवअधिकारको सम्मान गर्न सबै दलहरूलाई प्रतिबद्ध गराउने २०६३ मङ्सिरमा सम्पन्न विस्तृत शान्ति सम्झौतामा आधारित भएर शान्ति र लोकतन्त्रतर्फ बढ्ने अवसरलाई पक्डेको छ । व्यवस्थापिका-संसदको रूपमा पनि काम गर्ने तथा नेपालका आमजनताको प्रतिनिधित्व गर्ने संविधानसभाको निर्वाचन एउटा महत्त्वपूर्ण फड्को हो । वि.सं. २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो अधिवेशनमा यसले २३९ वर्ष पुरानो नेपालको राजतन्त्रलाई अन्त्य गर्ने तथा गणतन्त्रको स्थापना गर्ने पक्षमा मतदान गऱ्यो । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) अर्थात् नेकपा (माओवादी)को नेतृत्वमा अगस्टमा नयाँ सरकारको गठन गरियो । मानवअधिकारको सम्मान गर्न सरकारले महत्त्वपूर्ण प्रतिबद्धताहरू व्यक्त गरेको छ । सेप्टेम्बरमा संविधानसभामा प्रस्तुत तथा आफ्नो पहिलो बजेटमा प्रतिविम्बित सरकारको कार्यक्रमले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई क्रमशः पूरा गर्दै जाने कुरालाई ध्यानमा लिएको छ ।

९. वि.सं. २०६५ असोज १० गते महासभाको बैठकमा दिएको वक्तव्यमा प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले लोकतान्त्रिक मुलुकको रूपमा नेपाल संवैधानिक तथा कानुनी प्रत्याभूतिहरूद्वारा र नेपाल पक्ष राष्ट्र भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयनमार्फत् जुनसुकै परिस्थितिमा पनि आफ्ना जनताको मानवअधिकारहरूको संरक्षण तथा संवर्द्धन गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको कुरा उल्लेख गर्नुभयो ।[१]

### क. भेदभाव र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

१०. वि.सं. २०६५ चैतमा सम्पन्न निर्वाचनबाट इतिहासदेखि नै सीमान्तीकृत समुदायहरूको प्रतिनिधित्व भएको छ । नयाँ सरकारले बँधुवा श्रममाथि प्रतिबन्ध लगाउने जस्ता परम्परागत रूपमा रहेका भेदभावकारी अभ्यासहरूलाई अन्त्य गर्न कदमहरू चाल्यो तथा "छुवाछुत" उन्मूलन गर्न आफूलाई प्रतिबद्ध गरायो ।[२] तथापि, अझै थुप्रै चुनौतीहरू छन् ।

---

१ अनुच्छेद २१ पनि हेर्नुहोस् ।

२ तलको अनुच्छेद ५० पनि हेर्नुहोस् ।

वर्ग, जात, लिङ्ग, जातीयता, भूगोल तथा अन्य कुराहरूमा आधारित लामो समयदेखि रहँदै आएको भेदभाव नेपालमा गहिरो जरा गाडेर रहेको छ तथा व्यापक असमानताहरू जारी छन् । कानुनले सबैका लागि न्यायमा पहुँचको व्यवस्था गरेको भए पनि (कानुनी सहायता ऐन १९९८) थुप्रै मानिसले गरिबी र भेदभावको परिणामस्वरूप न्यायमा पहुँच प्राप्त गर्न कठिन तगाराहरूको सामना गर्नुपरेको छ । विशेषतः महिलाहरू थुप्रै किसिमका भेदभावबाट पीडित छन्, जसले तिनको यौन तथा लैङ्गिकतामा आधारित हिंसाप्रतिको जोखिमतालाई बढाउँदछ । पूर्व कमैया (बँधुवा श्रमिक), हलिया (जोताहा), आन्तरिक रूपले विस्थापित व्यक्तिहरू तथा दुर्गम क्षेत्रहरूमा अवस्थित जनता जस्ता सीमान्तीकृत तथा सुविधाविहीन समुदायहरू भूमि, खाद्यान्न, स्वास्थ्य र न्यायको पहुँचमा भएका असमानताहरूबाट प्रभावित भई नै रहेका छन् । यी चुनौतीहरूलाई सम्बोधन गरिन्छन् भन्ने सीमान्तीकृत समुदायहरूका अपेक्षाहरू नेकपा (माओवादी)को नेतृत्वमा सरकारको गठन भएपछि बढेका थिए । सरकारले विद्यमान राष्ट्रिय मानवअधिकार कार्ययोजनालाई सहस्राब्दी विकास लक्ष्यहरूसित अझ नजिक पुऱ्याउन सबै क्षेत्रमा परामर्शहरू गरिरहेको छ र यो सकारात्मक पहल हो ।

११. खडेरी तथा बाढी त्यसमाथि नियमित आपूर्ति गर्ने सरकारका चुनौतीहरूले गर्दा विशेषगरी दुर्गम पहाडी जिल्लाहरूमा चरम खाद्यान्न अल्पता भएको छ । सन् २००८ को केही समय इन्धनको बढ्दो मूल्य तथा बारम्बारको *बन्द* [३]ले गर्दा अल्पताको अवस्था झन खराब हुनगयो । असोज ९ गतेको आफ्नो अभूतपूर्व निर्णयमा सर्वोच्च अदालतले सरकारलाई मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रका विशेष रूपले प्रभावित १२ जिल्लाका जनतालाई खाद्यान्न आपूर्ति गर्न निर्देशन दियो । यसको प्रतिक्रियामा सरकारले २२ जिल्लामा खाद्यान्न असुरक्षालाई सम्बोधन गर्न विशेष कार्यक्रम सञ्चालन गऱ्यो । तर, केही ठाउँमा लामो समयदेखि भएको खाद्यान्न अल्पताले दीर्घकालीन कुपोषण निम्त्याउनुका साथै स्वास्थ्य - विशेषगरी बालबालिकाको-प्रतिको अधिकार प्राप्तिमा उल्लेख्य अड्चन खडा गरेको छ ।

---

[३] सबै व्यवसाय, पसल तथा विद्यालयहरूका साथसाथै सार्वजनिक यातायात बन्द रहने आम हडताल ।

१२. भूमिमा पहुँच सरोकारको जल्दोबल्दो मुद्दा रहेको छ र सम्बोधन नगरिए त्यसले पुनः द्वन्द्व सल्काउन सक्छ । न्यायपूर्ण रूपमा भूमिको पुनर्वितरण गर्ने वाचा गरेको हुनाले नेकपा (माओवादी)ले संविधानसभाको चुनावमा उल्लेख्य मात्रामा, विशेषगरी ग्रामिण जिल्लामा, मतदाताहरूको समर्थन हासिल गऱ्यो । अर्कोतर्फ, द्वन्द्वका बेला जफत गरिएका भूमि तथा सम्पत्ति फिर्ता गर्न नेकपा (माओवादी)लाई पटकपटक आह्वान गरिएको थियो र यसलाई सो दलले आंशिक रूपमा मात्र पूरा गरेको छ । भूमिहीन व्यक्तिहरूलाई सहयोग गर्ने सङ्गठनहरूको एक समूहद्वारा नोभेम्बर महिनामा गरिएको विरोध प्रदर्शनपश्चात् सरकारले विस्तृत शान्ति सम्झौतामा उल्लेख भएअनुसार वैज्ञानिक भूमिसुधार कार्यक्रम कार्यान्वयन गर्न नीति अवलम्बन गर्ने उद्देश्यले एउटा भूमिसुधार आयोग गठन गर्न कदमहरू चाल्यो । उच्चायुक्तको कार्यालय-नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड तथा सर्वोत्तम अभ्यासहरूमा आधारित रहेर बेदखलसम्बन्धी मार्गनिर्देशन तयार गऱ्यो जसले बेदखलसम्बन्धी मुद्दाहरू, विशेषगरी सुदूरपश्चिमाञ्चल क्षेत्रमा, लाई सम्बोधन गर्न अधिकारमा आधारित पद्धति अवलम्बन गर्न राज्यअधिकारीहरूलाई सहयोग गऱ्यो ।

१३. उच्चायुक्तको कार्यालय-नेपालले इतिहासदेखि नै सीमान्तीकृत पूर्व कमैया तथा हलियाजस्ता भूमिहीन समुदायहरूको स्थितिमाथि बढ्दो ध्यान संकेन्द्रण गरेको छ । कमैयालाई सन् २००२ मा बँधुवा श्रमबाट मुक्त गरिएको थियो तर अधिकांशलाई भूमि तथा आर्थिक साधनहरूमा पहुँच थिएन । सन् २००७ जुलाईमा सरकार आफैँले भूमिको बाँडफाँड तथा अन्य सहायक उपायहरूका लागि समयतालिका बनाउने प्रतिबद्धता जनाएको थियो । त्यसैगरी, सन् २००८ सेप्टेम्बरमा सरकारले हलियाहरूको मुक्तिको घोषणा गर्नुका साथै पुर्खौंदेखिको उनीहरूमाथिको ऋण खारेज गऱ्यो । पुनर्स्थापनासम्बन्धी उपायहरूबारे सरकारलाई सिफारिस गर्न सरकारी अधिकारी तथा हलिया प्रतिनिधिहरू सम्मिलित एउटा कार्यदल गठन गरियो । यी सकारात्मक प्रगति हुन् तर अधिकांश हलियाहरू जमिन्दारको ऋणको बन्धनमा रहिरहेकै हुनाले प्रतिबद्धता तथा सिफारिसहरूको कार्यान्वयन गर्न ठोस प्रगति आवश्यक छ । पूर्व बँधुवा मजदुरहरूलाई पर्याप्त जीवनस्तर हासिल गर्न सक्ने बनाउन उनीहरूलाई उपयुक्त सहायता तथा पुनर्स्थापना सुनिश्चित गरिनुपर्छ । वकालती कार्य तथा बँधुवा मजदुरलाई गरिने सहयोगमार्फत् उच्चायुक्तको कार्यालय-नेपालले आफ्ना अधिकारहरूको माग गर्ने उनीहरूको क्षमता अभिवृद्धि गर्न योगदान पुऱ्यायो ।

१४. मुलुकको जनसङ्ख्याको एक-तिहाइभन्दा बढी हिस्सा ओगटेका आदिवासी मूलका व्यक्तिहरूविरुद्धको भेदभावलाई उन्मूलन गर्न अझ धेरै गर्न बाँकी छ। सन् २००७ अगस्टमा आदिवासी जनजातिसम्बन्धी सन् १९८९ को आईएलओ महासन्धि नं. १६९ लाई अनुमोदन गर्ने नेपाल एसियाको पहिलो मुलुक भयो। विस्तृत कार्ययोजना तयार गर्न तथा भूमि तथा प्राकृतिक संसाधन, संस्कृति, शासन तथा शिक्षालगायतका क्षेत्रमा आदिवासी जनताका अधिकारहरूलाई आत्मसात् गर्ने नीति तथा कार्यक्रमहरूको कार्यान्वयन र कानुनहरूको संशोधन प्रस्ताव गर्न सम्बन्धित मन्त्रालय तथा आदिवासी जनजाति सङ्गठनहरूको एउटा कार्यदल गठन गरियो। सन् २००८ डिसेम्बरमा मस्यौदामाथि प्रारम्भिक परामर्श भएपश्चात् कार्ययोजनामाथि संशोधन गरिँदैछ।

१५. जातमा आधारित भेदभाव अपरिहार्य छ तथा सामाजिक सद्भाव प्रवर्द्धन गर्न भेदभावका घटनाहरूलाई कानुनी प्रणालीमार्फत् पहिल्याउनुभन्दा सामुदायिक तहमा नै मध्यस्थता गरिनुपर्छ भन्ने जस्ता गहिरोसँग जरा गाडेर रहेको विचार नै यस्तो भेदभावका पीडितलाई समानता उपलब्ध गराउने कार्यमा रहेको मुख्य तगारो हो। भेदभावका पीडितहरूलाई पीडकहरूसँग मिलेर समाधान खोज्न नेपाल प्रहरीले करकाप गर्न जारी राखेको र त्यसरी उनीहरूलाई न्यायमा पहुँचमा बाधा हालिएको रिपोर्टहरू उच्चायुक्तको कार्यालय-नेपालले पायो। जातमा आधारित भेदभावलाई सम्बोधन गर्न उच्चायुक्तको कार्यालय-नेपालको सहयोगमा सुदूरपश्चिमाञ्चल क्षेत्रमा गठन भएको सञ्जालले परम्परागत भेदभावकारी अभ्याससस्वरूप भएको हिंसाको रोकथाममा सकारात्मक प्रभाव पारेको थियो।

१६. सामाजिक बहिष्करण महत्त्वपूर्ण समस्या रहिरहेको छ। राज्यका अधिकांश निकायहरूमा मधेशी, दलित, जनजाति, महिला तथा अन्य सीमान्तीकृत समुदायहरूको अत्यन्त अल्पप्रतिनिधित्व रहेको छ। सशस्त्र प्रहरी बलद्वारा गरिएको सबैभन्दा पछिल्लो भर्तीले सन् २००७ नोभेम्बरमा सशस्त्र प्रहरी बल नियमावलीद्वारा स्थापित आरक्षणको सम्मान गऱ्यो र यसैको फलस्वरूप हालसालै भर्ना गरिएका १,७५७ प्रहरीमा १५० महिला, १०९ दलित, २१९ मधेशी, २३४ जनजाति र ३५ जना दुर्गम तथा अल्पविकसित क्षेत्रका हुनु एउटा सकारात्मक कदम हो।

१७. दुर्व्यवहार वा भेदभावमा क्षतिपूर्ति प्राप्त गर्न न्यायमा भएको पहुँचको अभावले महिलाको जीवनलाई निरन्तर असर पारिरहेको भए तापनि, विशेषगरी महिलाविरुद्धको हिंसालाई सम्बोधन गर्नमा प्रगति भयो। हिंसाबाट बचेकाहरूका लागि सिफारिस गर्ने संयन्त्रलगायत घरेलु हिंसासम्बन्धी विधेयकलाई सन् २००८ अगस्टमा सरकारद्वारा व्यवस्थापिका–संसदसमक्ष पेस गरियो र यो व्यवस्थापिकाको कार्यसूचीमा रहेको छ। महिला मानवअधिकार रक्षकको हत्या भएको भनिएको घटनापश्चात् महिला मानवअधिकार रक्षकहरूद्वारा जुलाईमा सुरु गरिएको लामो विरोध प्रदर्शनपछि उचित तरिकाले अनुसन्धान गर्नमा भएको प्रहरीको विफलतापछि सरकारले महिलाविरुद्धको हिंसा तथा घरेलु हिंसाको अपराधीकरणबारे सिफारिसहरू गर्न सरकारले एउटा कार्यदल गठन गऱ्यो। दुई महिनाभित्रमा पेस गर्नुपर्ने प्रतिवेदन कार्यदलले अझै पेस गर्न बाँकी छ।

१८. सर्वोच्च अदालतले महिला अधिकारका सम्बन्धमा महत्त्वपूर्ण आदेशहरू दिएको छ। सन् २००८ जुनमा अदालतले समान कामका लागि पुरुष तथा महिलालाई समान पारिश्रमिक दिन आदेश दिँदै फैसला जारी गऱ्यो। जुलाईमा वैवाहिक बलात्कारसम्बन्धी कानुन – विशेषगरी दोष ठहर भएपछि गरिने दण्डसजायमा तीनदेखि छ महिनाको मात्र कारावासको प्रावधानसम्बन्धी – को समीक्षा गर्न सरकारलाई आदेश दिइयो। सर्वोच्च अदालतले मुलुकी ऐनमा भएको हदम्यादलाई बढाउन सरकारलाई निर्देशन दियो। यस ऐनमा हाल ३५ दिनभित्रमा बलात्कार सम्बन्धी उजुरी अदालतमा दायर गरिनुपर्ने व्यवस्था गरिएको छ। जुनमा सर्वोच्च अदालतले सरकारलाई प्रजनन अधिकारसम्बन्धी कानुन निर्माण गर्न निर्देशन गऱ्यो र अगस्टमा गर्भपात गराउन महिलालाई पूर्ण अधिकार दिने विद्यमान कानुनी प्रावधानलाई चुनौती दिँदै हालिएको रिट निवेदनको प्रत्युत्तरमा पतिको सहमति आवश्यक नपर्ने भनी अदालतले त्यसलाई सदर गऱ्यो।

१९. सन् २००७ डिसेम्बरमा यौन अल्पसङ्ख्यकहरूलाई भेदभावविना नागरिकताको अधिकारलगायत सबै अधिकारको उपभोग गर्न दिन उपयुक्त कानुन निर्माण गर्न वा प्रचलित कानुनलाई संशोधन गर्न सर्वोच्च अदालतले दिएको निर्देशनबमोजिम सन् २००८ सेप्टेम्बरमा "तेस्रो लिङ्गी"को रूपमा व्याख्या गरी एक व्यक्तिलाई परिचयपत्र दिइयो।

## ख. सङ्क्रमणकालीन न्याय तथा दण्डहीनता

२०. वि.सं. २०६५ कात्तिक १६ गते नेपालको संविधानसभामा प्रस्तुत आफ्नो वक्तव्यमा महासचिव बान की-मुनले शान्तिलाई दिगो बनाउन बेपत्ता भएकाहरूको स्थिति स्पष्ट पार्ने तथा पीडितलाई क्षतिपूर्ति दिने एवं विस्थापित व्यक्तिहरूलाई आफ्नो घर फर्कन सक्ने बनाउनेलगायतका द्वन्द्वका घाउहरू निको पार्ने प्रयासहरू हुनु आवश्यक रहेको कुरामा जोड दिनुभयो । उहाँले यसका लागि विगतमा भएका मानवअधिकार उल्लङ्घनहरूका सम्बन्धमा सत्यलाई इमान्दारीपूर्ण - जुन अपरिहार्य रूपमा दुःखदायी हुन्छ - तरिकाले आत्मसात गर्ने कुरा पर्ने उल्लेख गर्नुभयो ।

२१. सरकारले दण्डहीनतालाई अन्त्य गर्न तथा कानुनी शासनको पालना गराउन पटकपटक प्रतिबद्धता व्यक्त गरेको छ। असोज १० गते महासभामा दिनुभएको आफ्नो वक्तव्यमा प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले दण्डहीनताको वातावरणलाई अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको तथा प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगले शान्ति र न्यायमा आवश्यक सन्तुलन कायम राख्न खोज्ने कुरा उल्लेख गर्नुभयो ।

२२. विस्तृत शान्ति सम्झौताले दिएको कार्यादेशअनुसार तथा अन्तरिम संविधान र पछिल्ला राजनीतिक समझदारीहरूमा व्यवस्था भएबमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गर्नेतर्फ केही प्रगति भएको थियो । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सन् २००७ डिसेम्बर र सन् २००८ डिसेम्बरको बीचमा मस्यौदा विधेयकसम्बन्धी छवटा क्षेत्रीय परामर्श बैठकहरूको आयोजना गर्‍यो, जसलाई तिनको समावेशिताबारे केही सङ्कोचका बाबजुद स्वागत गरिएको थियो । परामर्श बैठकहरूमा प्रस्तुत संशोधित मस्यौदा विधेयकमा सन् २००७ को मध्यको संस्करणमा गरिएका सुधारहरू समावेश गरिएका थिए, तर यो मस्यौदा विधेयक आयोगको स्वायत्तता, आममाफी तथा साक्षीलाई बढी संरक्षण दिनेसम्बन्धमा लगायत अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डसँग अनुकूल हुने कुरा सुनिश्चित गर्न थप संशोधनको आवश्यकता छ । सरकारले उच्चायुक्तको कार्यालय-नेपाल तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी काम गर्ने गैससँग परामर्श प्रक्रियाबारे सल्लाहका लागि अनुरोध गर्‍यो र त्यसपछि परामर्शको क्षेत्र तथा सङ्ख्यालाई फराकिलो बनाउनेलगायत आफ्नो पद्धतिका तत्त्वहरूमा संशोधन गर्‍यो ।

२३. नोभेम्बरमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा विधेयकबारे सार्वजनिक परामर्शको आयोजना गऱ्यो, जुन विधेयकमा बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने तथा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यको अनुसन्धान तथा प्रतिवेदन गर्ने प्रावधानहरू समावेश थिए । उच्चायुक्तको कार्यालय–नेपालले मन्त्रालय तथा संविधानसभाका सदस्यहरूलाई संशोधित मस्यौदा प्रस्तावमाथि गरिएका टिप्पणीहरू दियो जसमा कानुनलाई अन्तर्राष्ट्रिय दस्तावेजहरूसँग अनुकूल हुनेगरी बनाउन आवश्यक संशोधन गर्नुपर्ने कुरा औँल्याइएको थियो ।[४]

२४. द्वन्द्वसँग सम्बन्धित अनुमानित १,५०० बेपत्ता पार्ने कार्यका घटनामध्ये अधिकांशको अहिलेसम्म समाधान भएको छैन । सन् २००८ डिसेम्बरमा उच्चायुक्तको कार्यालय–नेपालले बर्दिया जिल्लामा सुरक्षाफौजको हातबाट भएका बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा प्रतिवेदन सार्वजनिक गऱ्यो, जसमध्ये बहुसङ्ख्यकलाई सन् २००१ डिसेम्बर र सन् २००३ जनवरीको बीचमा बेपत्ता पारिएका थियो । उच्चायुक्तको कार्यालय–नेपालले नेकपा (माओवादी)द्वारा भएका १४ वटा त्यस्तै घटनाहरूको पनि अनुसन्धान गऱ्यो । यस प्रतिवेदनले बेपत्ता पार्ने कार्यको पीडितका परिवारमाथि परेको अत्यन्त नकारात्मक आर्थिक–सामाजिक प्रभाव तथा बेपत्ता पार्ने कार्यसम्बन्धी अनुसन्धान र पीडितहरूलाई परिपूरण उपलब्ध गराउन आयोगको स्थापना गर्नुपर्ने अत्यावश्यकताबारे प्रकाश पारेको छ ।[५]

२५. दण्डहीनता अन्त्य गर्न तथा कानुनी शासनको पालना गराउन पटकपटक व्यक्त गरिएका प्रतिबद्धताका बाबजुद द्वन्द्वको क्रममा वा त्यसपछि गरिएका मानवअधिकार उल्लङ्घनहरूमा जिम्मेवार कुनै पनि व्यक्तिलाई जवाफदेही बनाउन सन् २००८ मा कुनै पनि स्पस्ट कदम चालिएन ।

---

४ सरकारले २०६५ माघ २८ गते बेपत्ता पार्ने कार्यसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग स्थापना गर्ने प्रावधानसहितको व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश (अपराध र सजाय) जारी गऱ्यो । अध्यादेशलाई जारी भएको ६० दिनभित्र संसदद्वारा अनुमोदन गरिनुपर्दछ ।

५ http://nepal.ohchr.org/en/index.html मा उपलब्ध “बर्दिया जिल्लामा भएका द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य” भन्ने शीर्षकको प्रतिवेदन हेर्नुहोस् ।

२६. पन्ध्र वर्षीय बालिका मैना सुनुवार (हेर्नुहोस् ए/एचआरसी/७/६८ अनु. ७३) – जसको सन् २००४ मा नेपाली सेनाको हिरासतमा मृत्यु भएको थियो – को घटनाका सम्बन्धमा सीमित मात्र प्रगति भएको छ । पीडितको परिवारलाई आर्थिक क्षतिपूर्ति दिइएको छ तर नेपाल प्रहरीको लिखित अनुरोधका बाबजुद सम्बद्ध दस्तावेज, शङ्कित र साक्षीहरू उपलब्ध गराउनमा नेपाली सेनाको विफलताका कारण मुख्य रूपमा सो घटनामा न्यायिक कारबाही अवरुद्ध भएको छ ।

२७. उच्चायुक्तको कार्यालय–नेपाल एकजना व्यापारीको अपहरण तथा तत्पश्चात् मईमा चितवनस्थित माओवादी सेनाको शिविरमा भएको उनको हत्यासम्बन्धी अनुसन्धानमा भएको प्रगतिको अभावबारे चिन्तित छ । प्रहरीद्वारा जारी पाँचवटा पक्राउ पुर्जीमध्ये एकजनालाई मात्र पक्राउ गरिएको छ र कमान्ड जिम्मेवारी सम्हालिरहेका भनिएका प्रमुख शङ्कितका रूपमा रहेका पूर्व माओवादी सेना कमान्डरलाई जिम्मा लगाउने सार्वजनिक प्रतिबद्धताका बाबजुद नेकपा (माओवादी) सो कार्य गर्न विफल भयो । हत्यासम्बन्धी एउटा न्यायिक अनुसन्धानको परिणाम कहिल्यै सार्वजनिक गरिएन ।

२८. सन् २००८ मा भएका सर्वाधिक गम्भीर मानवअधिकार उल्लङ्घन र अपराधहरूको अनुसन्धान गर्न विशेष आयोगहरूको स्थापना गरिए तापनि संसद्मा पेस गरिएका वा गृह मन्त्रालयमा पेस गरिएका यी आयोगका प्रतिवेदनहरू सार्वजनिक गरिएनन् र आरोपित पीडकहरूमाथि यसको कुनै स्पष्ट परिणाम देखिएको छैन ।

२९. सन् २००८ अक्टोबरमा, सरकारले मन्त्रिपरिषद्मा रहेका नेकपा (माओवादी)का केही वरिष्ठ नेताका विरुद्धलगायतका “राजनीतिक प्रकृति”का ३४९ वटा मुद्दाहरू फिर्ता लिन सिफारिस गर्‍यो । फिर्ता लिइएका अभियोगहरूमा हत्या, ज्यान मार्ने उद्योग, बलात्कार, लुटपाट, आगजनी एवं हतियार तथा खरखजाना ऐनको उल्लङ्घनलगायतका थिए । यी घटनाहरू फिर्ता लिने आधारहरूबारे थप जानकारी माग्दै उच्चायुक्तको कार्यालय–नेपालले घोर उल्लङ्घन तथा अन्तर्राष्ट्रिय अपराधमा जिम्मेवार व्यक्तिहरूलाई वास्तविक आममाफीको विषय नबनाइने कुरा सुनिश्चित गर्न पारदर्शी, निष्पक्ष कारबाहीको महत्त्वमाथि जोड दियो ।

३०. उच्चायुक्तको कार्यालय–नेपालले विशेषगरी तराईका जिल्लाहरूमा फौजदारी न्याय प्रक्रियामा बारम्बार राजनीतिक हस्तक्षेप भएका रिपोर्टहरू प्राप्त गऱ्यो । फौजदारी अभियोगमा पक्राउ गरिएका ठूला राजनीतिक दलहरूसँग सम्बद्ध व्यक्तिहरूलाई रिहा गर्न आउने धम्की र डरत्रासलगायतको राजनीतिक दबाब – जसप्रति प्रहरी बारम्बार झुक्ने गरेको छ – ले दुर्व्यवहार तथा हिंसात्मक कार्यका लागि दण्डहीनतालाई प्रोत्साहन गर्छ । यी दबाबहरूले प्रहरीको नैतिक बल र विश्वसनीयतालाई अवमूल्यन मात्र गर्ने नभई त्यसबाट कानुनी शासनमाथि जनताको विश्वास पनि खस्कन्छ ।

३१. नेपालजस्तो सशस्त्र द्वन्द्वबाट बाहिर निस्किरहेको देशका लागि सार्वजनिक सुरक्षा संस्थाहरूको सुधार दिगो शान्ति तथा लोकतन्त्रतर्फको सङ्क्रमणमा एउटा महत्त्वपूर्ण कदम हो । यस रूपान्तरणलाई सुनिश्चित गर्न मानवअधिकार उल्लङ्घन वा दुर्व्यवहारका लागि जिम्मेवार सुरक्षाफौजका कर्मचारी एवं माओवादीका पूर्व लडाकुहरूलाई राज्यका संस्थाबाट हटाइनुपर्छ । यसले दण्डहीनताको चक्र तोड्न मद्दत गर्छ र मानवअधिकारप्रतिको प्रतिबद्धताबारे शसक्त सन्देश दिन्छ । सेना समायोजन तथा सार्वजनिक सुरक्षाफौजको पुनर्संरचनाका सन्दर्भमा विश्वसनीय तथा प्रभावकारी कार्यक्षमता मूल्याङ्कन प्रक्रियाको ठूलो आवश्यकता छ ।

३२. नेपाली सेनाले केही प्रगति भएको छ भनी जनाएको आन्तरिक कार्यक्षमता मूल्याङ्कन संयन्त्रको स्थापनाका अतिरिक्त द्वन्द्वका क्रममा मानवअधिकार र मानवीय कानुन उल्लङ्घनमा वा द्वन्द्वोत्तर कालमा मानवअधिकार उल्लङ्घनमा संलग्न भएको विश्वसनीय आरोप लागेका नेपाली सुरक्षाकर्मीलाई संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कारबाहीमा तैनाथ गरिनु हुँदैन भनी उच्चायुक्तको कार्यालय–नेपालले बारम्बार जोड दिएको छ ।

## ग. सार्वजनिक सुरक्षा तथा कानुनी शासन

### सशस्त्र समूहहरूका गतिविधिलगायत सुरक्षास्थितिको मूल्याङ्कन

३३. सार्वजनिक सुरक्षामा सुधार ल्याउने कुरालाई प्राथमिकता दिने नयाँ सरकारको प्रतिबद्धता स्वागतयोग्य थियो, यद्यपि अहिलेसम्मको प्रगति

मन्द रहेको छ । प्रायः प्रभावहीन रहेको प्रहरी बल - विशेषगरी तराईमा कार्यरत सशस्त्र समूहका गतिविधिहरूविरुद्ध - ले केन्द्रीय तथा स्थानीय शासनमा रहेको रिक्ततालाई थप तीव्र पारेको छ । यसले कानुनहीनताको भावना बढाएको छ र तराईका धेरै भाग र केही पहाडी जिल्लाहरूमा सुरक्षाशून्यता ल्याएको छ ।

३४. सार्वजनिक सुरक्षामा रहेको यस शून्यताले सशस्त्र समूह - तीमध्ये केही मधेशी राजनीतिक दलहरूसँग सम्बद्ध छन् - को वृद्धिमा योगदान गरेको छ । यसरी दिनहुँ अपहरण, हत्या, विस्फोटक पदार्थको विस्फोटन तथा रकम असुलीका घटनाका रिपोर्ट तथा आपराधिक गतिविधिहरू बढ्दै गएका छन् । कानुनहीनता र आपराधिक गतिविधिलाई ध्यानमा राखेर अक्टोबरमा सरकारले तराईमा कार्यरत केही सशस्त्र समूहसँग वार्ता गर्न तीन सदस्यीय मन्त्रीस्तरीय एक समिति गठन गरिएको घोषणा गऱ्यो ।

३५. विशेषगरी तराईमा रहेको सार्वजनिक सुरक्षाको अभावले मानवअधिकार रक्षकलगायतका धेरै व्यावसायिक व्यक्तिहरूको काम गर्नसक्ने क्षमतामा नकारात्मक असर पारेको छ । मानवअधिकार रक्षकहरू राज्यअधिकारी वा सशस्त्र समूहबाट प्रतिशोधका डरले गर्दा अनुसन्धान गर्न र सार्वजनिक प्रतिवेदन गर्न कहिलेकाहीँ अनिच्छुक हुन्छन् । उच्चायुक्तको कार्यालय-नेपालले पत्रकारहरूविरुद्ध सशस्त्र समूहहरूले धम्की दिएको वा डरत्रास देखाएको र उनीहरूमध्ये केहीलाई तनाव बढाउन सक्ने अप्रमाणित सूचना प्रकाशन र प्रसारण गर्न करकापमा पारिएको अनेकौं रिपोर्टहरू प्राप्त गरेको छ। आफ्ना नागरिकहरूको अधिकार र सुरक्षाको संरक्षण गर्नुपर्ने सरकारको निरन्तरको चुनौती - विशेषगरी तराईमा - ले मानवअधिकारको स्थितिका साथै शान्ति प्रक्रियाको दिगोपनालाई अवमूल्यन गरिरहेकै छ ।

३६. आम जनताले इन्धनको मूल्यवृद्धिलगायतका आर्थिक वा राजनीतिक विषयमा आफ्ना चिन्ताहरूप्रति ध्यान दिन सरकारलाई बाध्य पार्न सडक प्रदर्शन, सडक अवरोध र हड्तालको निरन्तर प्रयोग गरे । यस्ता बन्द हुँदा दैनिक जीवनमा व्यापक अवरोध पुग्यो र यसले आवतजावत गर्न पाउने स्वतन्त्रता, शिक्षा र स्वास्थ्यसेवामाथिको पहुँच, विकास कार्यक्रम र गैरसरकारी सङ्गठनका गतिविधिमा कटौती गऱ्यो । अधिकांश

घटनामा सरकार प्रदर्शनकारीहरूको मागप्रति झुक्ने गरेको र सँगसँगै गुनासाहरू उठाउन निर्मित वैकल्पिक मार्गको अभावले गर्दा सरकारबाट प्रतिक्रिया प्राप्त गर्ने प्राथमिक र सबैभन्दा प्रभावकारी माध्यमका रूपमा बन्द गराउने र हिंसाको धम्की दिने कुरा निरन्तर भएका छन् ।

३७. सन् २००८ फेब्रुअरीमा मधेशी जनअधिकार फोरमलगायतका मधेशी राजनीतिक दलहरूको गठबन्धनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रभित्र स्वायत्त मधेशी राज्य स्थापना तथा सेनालगायत राज्यका सबै अङ्गमा मधेशीको उचित प्रतिनिधित्व हुने गरी संविधानमा संशोधन गर्ने माग गर्दै तराईव्यापी बन्दको आह्वान गरे । सरकारसँग सम्झौता भएको दुई साताामा प्रदर्शन स्थगन गरिएको भए पनि बन्दले दैनिक जीवनलाई अस्तव्यस्त बनायो र बन्द समर्थक र नेपाल प्रहरी तथा सशस्त्र प्रहरी (सप्रब) दुवैबीच हिंसात्मक झडप भयो जसमा छ सर्वसाधारण तथा सप्रबका एक अधिकारीको मृत्यु हुनुका साथै प्रहरी कर्मचारीसमेत सयौँ मानिस घाइते भए । धेरै पटक प्रदर्शनहरू हिंसात्मक भए र सरकारी कार्यालय, प्रहरी चौकी तथा एम्बुलेन्सहरूमा आक्रमण गरिएको थियो भन्ने कुरा स्वीकार गरे पनि विरोध प्रदर्शनमा भएको प्रहरी व्यवस्था र बलको प्रयोगले गम्भीर चिन्ता उठायो । उच्चायुक्तको कार्यालय–नेपालले बन्दमा प्रहरीको व्यवस्थापनसम्बन्धी आफ्नो अनुसन्धानको प्रतिवेदन जारी गर्‍यो । यसमा सम्बद्ध कानुनी सुधार तथा प्रहरीलाई अझ राम्रो संसाधनको प्रावधानमार्फत् समेत सार्वजनिक अव्यवस्थाको अवस्थामा कारबाही गर्दा मानवअधिकारको सम्मानमा सुधार ल्याउन सरकारलाई गरिएका सिफारिसहरू समावेश गरिएका थिए ।

३८. सरकारले बिग्रँदै गएको सार्वजनिक सुरक्षाको स्थितिलाई सम्बोधन गर्न अपराधबाट विशेषगरी प्रभावित जिल्लाहरूमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका विशेष कार्यदलहरू तैनाथ गर्नेलगायतका विविध रणनीतिहरू तयार गर्‍यो । तर, सशस्त्र समूहहरूलाई तह लगाउनुपर्ने बढ्दो मागसँगै प्रहरी बलद्वारा गैरकानुनी हत्या पनि बढ्न गएको छ । सन् २००७ मा १२ घटना रिपोर्ट गरिएको – जसमध्ये अधिकांशमा नेपाल प्रहरी जिम्मेवार थियो – मा सन् २००८ मा २३ वटा घटना रिपोर्ट गरिए । अधिकांश घटनामा सुरक्षाफौजले आत्मरक्षाका लागि भन्ने दाबी गर्‍यो र अधिकांश मृत्युहरूलाई “आकस्मिक” भनी अभिलेख राखियो । उच्चायुक्तको कार्यालय–नेपालद्वारा अनुसन्धान गरिएका कुनै

पनि घटनामा विश्वसनीय, प्रभावकारी वा निष्पक्ष अनुसन्धान गर्ने प्रयास गरिएको छैन ।

३९. केही घटनामा सरकारले ठूला घटनाको अनुसन्धान गर्न आयोगको गठन गरेको भए तापनि यी आयोगहरूमा प्रायः सम्बद्ध घटनामा मुछिएका संस्थाका सदस्यहरू समावेश गरिए र यसले तिनको स्वतन्त्रता र निष्पक्षता तथा दण्डहीनताको सम्भावित निरन्तरताबारे चिन्ता बढायो । ती आयोगहरूका कार्यविवरण सामान्यतया सार्वजनिक गरिएका छैनन् र पीडितका परिवार वा कानुनी प्रतिनिधिहरूलाई कारबाहीबारे जानकारी दिइएको छैन । प्रतिवेदन र निष्कर्षहरूलाई कमै सार्वजनिक गरिएको छ र सरकारद्वारा कारबाही गरिएको सङ्केत प्रायः पाइएको छैन ।

४०. संविधानसभाको निर्वाचन हुनुभन्दा दुई दिनअघि चैत २६ गते भएको सर्वाधिक गम्भीर घटनामध्ये एकको अनुसन्धान गर्न त्यस्तै एउटा आयोगको स्थापना गरिएको थियो । नेपाली काङ्ग्रेस (नेका)का एकजना उम्मेदवार लाई साथ लिएर गइरहेका सप्रब तथा नेप्रका कर्मचारीहरूले दाङ जिल्लामा नेकपा (माओवादी)का गाडीमा गोली प्रहार गरी नेकपा (माओवादी)का ७ जना सदस्यलाई मार्नुका साथै कम्तीमा अन्य १२ जनालाई घाइते बनाए । सो घटनामाथिको आफ्नो अनुसन्धानमा आधारित भई उच्चायुक्तको कार्यालय–नेपालले ती मृत्युहरू गैरन्यायिक तथा स्वेच्छाचारी हत्या भएको निष्कर्ष निकाल्यो र नेकपा (माओवादी)का सदस्यहरूको गोली प्रहारको प्रत्युत्तरमा आफूहरूले घातक बल प्रयोग गरेको भन्ने सप्रब तथा नेप्रको दाबीलाई समर्थन गर्ने कुनै प्रमाण फेला नपरेको पायो । उच्चायुक्तको कार्यालय–नेपालको आह्वानपछि सरकार ले वैशाख २२ गते नेप्र र सप्रबका वरिष्ठ अधिकारीहरू सम्मिलित एउटा आयोगको स्थापना गर्‍यो । सो आयोगका निष्कर्षहरू सार्वजनिक गरिएनन् र उच्चायुक्तको कार्यालय–नेपालको जानकारीअनुसार सो घटनामा मुछिएका सुरक्षाफौजका कुनै पनि कर्मचारीलाई आजसम्म कारबाही गरिएको छैन ।

### १. बलको अत्यधिक प्रयोग

४१. उच्चायुक्तको कार्यालय–नेपालले भिड नियन्त्रणका सन्दर्भमा बलको अत्यधिक प्रयोगबाट सन् २००७ मा २७ जनाको मृत्यु भएकोमा सन्

२००८ मा १५ जनाको मृत्यु भएको अभिलेख राख्यो । यी कुनै पनि घटनामा जिम्मेवारहरूलाई जवाफदेही बनाइएको छैन । सन् २००८ मार्चमा तराईमा भएको विरोध प्रदर्शनका क्रममा भएका मृत्युका अतिरिक्त, २०६५ जेठ १५ गते नेपाल प्रहरीका एक अधिकारीले कैलाली जिल्ला प्रशासन कार्यालयबाहिर प्रदर्शनकारीहरूमाथि गोली प्रहार गर्दा तीनजना मारिए भने कम्तीमा सातजना घाइते भए । उच्चायुक्तको कार्यालय–नेपालको मूल्याङ्कनमा बलको सो प्रयोग अत्यधिक थियो । मुछिएका प्रहरी अधिकारीविरुद्ध आन्तरिक अनुशासनात्मक कारबाही गरियो तर त्यो घटनाका सम्बन्धमा उचित फौजदारी अनुसन्धान गर्ने कुनै प्रयास गरिएन ।

४२. तिब्बती मुद्दामा काठमाडौँमा भएका शान्तिपूर्ण विरोध प्रदर्शनलाई तितर बितर पार्न लाठी तथा अश्रुग्यास प्रहार गर्दा सन् २००८ मार्चमा नेपाल प्रहरीद्वारा बलको अत्यधिक प्रयोग भएको देखियो । विरोध प्रदर्शन चैत २८ देखि भदौ २६ गतेसम्म ६९ दिन[६] जारी रह्यो र यस अवधिमा कुल १२ हजार ९५८ जना पक्राउ गरिए र सबैजसो घटनामा सोही दिन रिहा गरिए । पछिल्ला प्रदर्शनहरूमा भएका प्रहरी व्यवस्थापनमा सुधार देखियो र यसमा सबै तहका प्रहरी अधिकारीहरूसँग उच्चायुक्तको कार्यालय–नेपालले गरेको योजनाबद्ध संलग्नताको आंशिक योगदान रहेको हुन सक्छ ।

### २. राज्यअधिकारीहरूबाट भएको पक्राउ तथा थुना

४३. थुनावस्थाको अनुगमनका सिलसिलामा उच्चायुक्तको कार्यालय–नेपालले यातना तथा अभद्र व्यवहारका ९३ वटा घटना एवं गैरकानुनी थुनाका केही घटना अभिलेखन गऱ्यो । विशेषगरी सोधपुछका क्रममा भएका अभद्र व्यवहारका रिपोर्टहरू – कहिलेकाहीँ यातना सरह हुने – व्यापक छन् । प्रहरी हिरासतमा रहँदा दुर्व्यवहारमा परेकालगायतका थुनुवाहरूले प्रायः चिकित्सा सेवा प्राप्त गर्दैनन् र तिनको स्वास्थ्य जाँचको अभिलेख

[६] संविधानसभा निर्वाचनको अवधिमा १० दिनका लागि विरोधका कार्यक्रमहरू स्थगन गरिएका थिए र ती अप्रिल १५ देखि पुनः सुरु भए । चीनमा गएको भूकम्पका पीडितहरूप्रति सम्मान दर्शाउन जुन १ मा विरोधका कार्यक्रमहरू पुनः स्थगन गरिए ।

राम्रोसँग राखिएको हुँदैन । अभद्र व्यवहारका घटना कम गर्ने प्रयासस्वरूप उच्चायुक्तको कार्यालय–नेपाल र राष्ट्रिय मानवअधिकार आयोगलगायतका साझेदारहरूले १२० जना प्रहरी अधिकारी र स्थानीय राज्यअधिकारीहरू एवं वरिष्ठ स्वास्थ्यकर्मीहरूलाई एक ठाउँमा राखेर थुनुवाहरूको स्वास्थ्य जाँचसम्बन्धी सिद्धान्त र कार्यविधिबारे केही कार्यशालाहरूको आयोजना गरे । ती कार्यशालाहरूले प्रहरीले गरेका दुर्व्यवहारमा जवाफदेहीता नहुने स्थितिमा योगदान गर्ने प्रमुख नीतिगत त्रुटिहरूको पहिचान गरे । यी कार्यशालाहरूले राष्ट्रिय स्तरमा उपयुक्त नीति तयार पार्न नेपाल प्रहरीलाई सहायता गर्ने उच्चायुक्तको कार्यालय–नेपाल र यसका साझेदार हरूले लिने पहलका लागि आधार उपलब्ध गराउनेछन् ।

४४. मईमा सर्वोच्च अदालतले कारागारको अवस्था तथा कैदीहरूसँग बसिरहेका बालबालिकाको स्थितिमा सुधार गर्नेलगायत कारागार व्यवस्थामा सुधार ल्याउन एवं कारागार व्यवस्थापन र प्रशासनसम्बन्धी नीतिमा सुधार ल्याउन सरकारलाई आदेश दियो । कारागार व्यवस्थामा सुधार ल्याउने कुरा उपलब्ध संसाधनअनुरूप भइरहने कुरा सरकार बताउँछ ।

### ३. राजनीतिक दलहरूसँग आबद्ध व्यक्तिहरूबाट भएका दुर्व्यवहार

४५. उच्चायुक्तको कार्यालय–नेपालले निर्वाचनपूर्व नेकपा (माओवादी) र त्यसको युवा सङ्गठन योङ्ग कम्युनिष्ट लीग (वाईसीएल)का सदस्यद्वारा गरिएका दुर्व्यवहारका रिपोर्टहरू प्राप्त गरिरहे तापनि रिपोर्ट गरिएका त्यस्ता घटनाको सङ्ख्या अप्रिल महिनादेखि कम भयो । तर, विशेषगरी स्थानीय तहको निर्णयप्रक्रियामा डरत्रास देखाउने र हस्तक्षेप गर्नेजस्ता दुर्व्यवहारपूर्ण गतिविधिहरूका रिपोर्टहरू प्राप्त भइरहे । लागुपदार्थका दुवर्यसनी तथा बिक्रेताहरूलाई अपहरण तथा अभद्र व्यवहार गरी "पुनर्स्थापना केन्द्र"मा सहभागी हुन बाध्य पारिएको भन्ने रिपोर्टहरू बारे उच्चायुक्तको कार्यालय–नेपालले काठमाडौंमा वाईसीएलको नेतृत्वसामु चिन्ता व्यक्त गऱ्यो र त्यसपछि वाईसीएलले सो केन्द्र बन्द गर्ने प्रतिज्ञा गऱ्यो । अनेकौं सार्वजनिक प्रतिबद्धताका बाबजुद नेकपा (माओवादी) द्वारा द्वन्द्वको समयमा जफत गरिएका भूमि तथा सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा कुनै उल्लेख्य प्रगति नहुनु पनि चिन्ताको विषय थियो ।

४६. अन्य राजनीतिक दलद्वारा युवा सङ्गठनको स्थापना गरिनाले चिन्ता उठायो । विशेषगरी नेपाल कम्युनिष्ट पार्टी–एकीकृत मार्क्सवादी–लेनिनवादी (एमाले)सँग आबद्ध युथ फोर्सको सम्बन्धमा, उनीहरूले वाईसीएलसँग प्रतिस्पर्धा गरिरहेको जस्तो देखियो र आरोपित भ्रष्ट सरकारी अधिकारीहरूलाई लक्ष्यित गर्नेलगायत प्रहरीको सहयोगका लागि "कानुनको पालना गराउने" गतिविधि गर्ने गरेको दाबी गरे । वाईसीएल र युथ फोर्सबीचको मुठभेडले गर्दा कैयौँ पटक हिंसा र राजनीतिक तनाव उत्पन्न भयो ।

४७. सेना तथा हतियार व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताअनुरूप शिविरमा रहेका पूर्व माओवादी लडाकुका भविष्यसम्बन्धी मुद्दा समाधान हुन बाँकी नै छन् । सन् २००७ मा अन्मिनद्वारा गरिएको प्रमाणीकरण प्रक्रियाले प्रमाणित माओवादी सेनाको कुल सङ्ख्या १९ हजार ६०२ रहेको निर्धारण गऱ्यो । तीमध्ये २ हजार ९७३ जना युद्धविरामसम्बन्धी सम्झौता हस्ताक्षर गरिँदा १८ वर्षभन्दा मुनिका थिए । बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी महासचिवका विशेष प्रतिनिधिद्वारा डिसेम्बरमा गरिएको नेपाल भ्रमणपश्चात् प्रधानमन्त्रीले विस्तृत शान्ति सम्झौता तथा बालअधिकारसम्बन्धी प्रावधानको उल्लङ्घन हुनेगरी शिविरमा रहेका पूर्व बाल लडाकुलाई सन् २००९ फेब्रुअरीभित्र त्यहाँबाट मुक्त गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नोभेम्बरमा दुई सेनाको समायोजनबारे गहन छलफलहरू सुरु गरिए तर यो प्रक्रिया वा लडाकुहरूको समायोजन वा पुनर्स्थापनाका लागि सम्भाव्य विकल्पमाथि अझै कुनै सहमति भएको छैन । डिसेम्बर ३१ सम्म अन्तरिम संविधानमा परिकल्पना गरिएझैं माओवादी सेनाको रेखदेख, समायोजन तथा पुनर्स्थापना गर्न बनेको विशेष समितिले आफ्नो बनोटसम्बन्धी अन्तिम सहमति नभएका कारण आफ्नो काम सुरु गर्न बाँकी नै थियो ।

## घ. लोकतान्त्रिक प्रक्रिया

### १. संविधानसभा निर्वाचन

४८. दुईपल्ट स्थगन भएको संविधानसभाको निर्वाचन वि.सं २०६४ चैत २८ गते सफलतापूर्वक सम्पन्न हुनु शान्ति प्रक्रियामा एउटा महत्त्वपूर्ण प्रगति हो । ठूलो सङ्ख्यामा मतदाताको सहभागिता - कुल १ करोड ७६ लाख योग्य मतदातामध्ये ६३ प्रतिशत र सहभागीमध्ये ५३ प्रतिशत

महिला रहेको - तथा अधिकांशतः शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न हुनु उल्लेख्य उपलब्धि थिए। निर्वाचनसम्बन्धी कानुनमा गरिएका संशोधनले महिला, दलित, जनजाति (आदिवासी जनजाति) र अन्य सीमान्तीकृत समुदायलगायतका पहिलेका सीमान्तीकृत समुदायहरूको संविधानसभामा बृहत् प्रतिनिधित्व हुने कुरा सुनिश्चित गऱ्यो। संविधानसभाको ५७५ सिटमध्ये महिलाले ३३ प्रतिशत, जनजातिले ३३ प्रतिशत, दलितले ८ प्रतिशत तथा मधेशीले ३४ प्रतिशत ओगटेका छन्। लामो द्वन्द्वपश्चात्, महिला तथा इतिहासदेखि नै सीमान्तीकृत अन्य समुदायलाई अभूतपूर्व सङ्ख्यामा प्रतिनिधित्व पनि दिलाएको निर्वाचनको माध्यमबाट लोकतान्त्रिक सिद्धान्तप्रति देखाइएको सम्मानलाई ऐतिहासिक उपलब्धिका रूपमा स्वागत गरिनुपर्छ।

४९. मानवअधिकारप्रतिको सम्मानको मूल्याङ्कन गर्न उच्चायुक्तको कार्यालय–नेपालले निर्वाचन प्रक्रियाको अनुगमन गऱ्यो।[७] निर्वाचन आयोग तथा यसका कर्मचारीले शान्तिपूर्ण तथा विश्वसनीय प्रक्रिया सुनिश्चित गर्न प्रशंसनीय प्रयास गरे भने केही उम्मेदवारले कठिन परिस्थितिमा प्रचारपसार गर्न बाध्य हुनुपरेको भए तापनि अधिकांश उम्मेदवारले राजनीतिक जिम्मेवारी प्रदर्शन गरे। तर, केही उम्मेदवार तथा पार्टीका समर्थकले मतदातालाई प्रभाव पार्न डरत्रासको प्रयोग गरे र हिंसाका केही गम्भीर घटना पनि भए। निर्वाचनको अघिल्लो साता दशजना मारिए भने मतदानका दिन अरू चारजना मारिए (अनुच्छेद ४१ पनि हेर्नुहोस्)। मतदानका दिन कहीँकहीँ राजनीतिक दलबीच मुठभेड हुनेगरी मध्य तथा पश्चिमी पहाड एवं पूर्वी तथा मध्य तराईका कतिपय जिल्लाहरूमा डरत्रास, अपहरण, आक्रमण तथा निर्वाचन प्रक्रियामा धाँधलीका घटना भएको देखियो। कैयौँ ठाउँमा मुख्यतः आफ्नो व्यक्तिगत सुरक्षाको डरले गर्दा निर्वाचन कर्मचारीहरू धम्की, डरत्रास तथा अन्य निर्वाचनसम्बन्धी अनियमितताका घटना रोक्न वा त्यसबारे रिपोर्ट गर्न विफल भए र प्रहरीले सामान्यतः मतदान केन्द्रहरूमा सुरक्षा प्रदान गर्नमा सकारात्मक भूमिका खेले पनि उनीहरू हिंसाका घटनामा भने सधैँ प्रभावकारी रूपमा प्रस्तुत भएनन्। उच्चायुक्तको

[७] http://nepal.ohchr.org/en/index.html मा उपलब्ध उच्चायुक्तको कार्यालय-नेपालको "२०६४ चैत २८ मा सम्पन्न संविधानसभा निर्वाचनः मानवअधिकार अनुगमनको सङ्क्षेप" भन्ने शीर्षकको प्रतिवेदन एवं निर्वाचनको वातावरणसम्बन्धी लेखहरू हेर्नुहोस्।

कार्यालय–नेपालले निर्वाचन प्रक्रियासँग सम्बन्धित घटनामा फागुन २४ देखि चैत २७ गतेसम्म भएका जम्मा २१ वटा मृत्युका रिपोर्ट प्राप्त गऱ्यो । मृतकहरूमध्ये दुईजना उम्मेदवारहरू थिए भने १२ जना नेकपा (माओवादी)का सदस्य थिए । एक्काइस मृतकमध्ये ११ जनामाथि प्रहरीद्वारा गोली चलाइएको थियो । घटनामा कसैलाई जवाफदेही बनाइएको छैन ।

## २. नयाँ सरकारको गठन

५०. जुलाईमा संविधानसभाले दुई मधेशी प्रतिनिधिहरूलाई राष्ट्रपति तथा उप–राष्ट्रपतिका रूपमा निर्वाचित गऱ्यो । लामो राजनीतिक संवादपछि अगस्टको अन्त्यतिर नेकपा (माओवादी)को नेतृत्वमा नयाँ सरकारले कार्यभार सम्हाल्यो । संविधानसभामा महिलाको प्रतिनिधित्वमा भएको सुधारका बाबजुद २३ सदस्यीय मन्त्रिपरिषद्मा चारजना मात्र महिला छन् । महिला संविधानसभा सदस्य तथा राजनीतिक दलका प्रतिनिधिहरूले राज्यका प्रमुख पदहरूमा प्रतिनिधित्व नभएकोमा आफ्नो निराशा व्यक्त गरे ।

५१. नयाँ सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पार्ने कार्यको अनुसन्धान गर्न आयोगको स्थापना गर्ने, नयाँ सार्वजनिक सुरक्षा नीति तर्जुमा गर्ने र दण्डहीनताको अन्त्य गर्ने कुराहरू थिए । गरिबी निवारणका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रवर्द्धनमा उल्लेख्य जोड दिइएको थियो, विशेषगरी शिक्षा, स्वास्थ्य सेवा र भूमिमा पहुँचको क्षेत्रमा । "छुवाछुत" प्रथा अन्त्य गर्ने र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्यका लागि उपायहरू अवलम्बन गर्ने प्रतिबद्धता पनि गरिएको थियो । उच्चायुक्तको कार्यालय–नेपाल २०६५/६६ को बजेटमा राष्ट्रिय मानवअधिकार आयोगलाई दिने रकममा ८५ प्रतिशत वृद्धि गरिएको कुरालाई पनि स्वागत गर्दछ ।

## ३. संविधान निर्माण प्रक्रिया

५२. सङ्क्रमणकालमा व्यवस्थापिका–संसदका रूपमा पनि कार्य गर्ने संविधानसभाले मन्द गतिमै भए पनि प्रायः संविधान मस्यौदा प्रक्रियामै मात्र संकेन्द्रण गरेको छ । संविधानसभाको कार्यविधिसम्बन्धी नियमावली

झन्डै छ महिना लामो छलफलपश्चात् नोभेम्बरमा पारित गरियो । सो नियमावलीले मस्यौदा संविधान निर्माण गर्ने प्रमुख जिम्मेवारीका साथ अन्तरिम संविधानमा तोकिएको सन् २०१० को मईको समयसीमासम्ममा यो कार्य सम्पन्न गर्ने चुनौती बोकेको ६१ सदस्यीय संवैधानिक समितिको गठनका लागि रेखाङ्कन प्रस्तुत गरेको छ। संविधानसभाले मङ्सिर १ गते मस्यौदा निर्माण प्रक्रियाका चरणहरू रेखाङ्कन गरिएको विस्तृत समयतालिका पारित गऱ्यो ।

**ङ. मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न राष्ट्रिय क्षमताको सबलीकरण**

५३. विस्तृत राष्ट्रिय मानवअधिकार संरक्षण प्रणालीको विकास र सबलीकरण गर्ने कुरा नेपालमा मानवअधिकारको सम्मानमा सुधार ल्याउनका निम्ति एक महत्त्वपूर्ण तत्त्व हो । मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रत्याभूति गर्ने संविधान, स्वतन्त्र न्यायपालिका तथा संसदीय मानवअधिकार समितिलगायतका राज्यका संरक्षण संयन्त्रका अतिरिक्त यस प्रणालीले स्वतन्त्र, विश्वसनीय तथा प्रभावकारी राष्ट्रिय मानवअधिकार आयोग (आयोग)का साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानजस्ता मानवअधिकारको कार्यादेशसहित स्थापित अन्य संस्थामाथि भर पर्नुपर्छ। डरत्रासविना काम गर्न सक्ने मानवअधिकर रक्षक तथा सञ्चारमाध्यम लगायतको गतिशील नागरिक समाज पनि मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि महत्त्वपूर्ण हुन्छ ।

५४. सन् २००८ मा, आफ्नो अनुगमन र कानुनी कार्यमा आधारित सल्लाह र सिफारिसको माध्यमबाट राष्ट्रिय क्षमताको सुदृढीकरण गर्ने आफ्नो उद्देश्यलाई अघि बढाउन उच्चायुक्तको कार्यालय-नेपालले विशिष्ट मुद्दाहरूमा अनेकौँ तालिम, कार्यशालाको आयोजना तथा सङ्क्षिप्त जानकारी दिने कार्य गर्नुका साथै सेवाकालीन तालिम पनि प्रदान गऱ्यो । आयोग, नागरिक समाज तथा कानुन पालना गराउने निकायहरू उच्चायुक्तको कार्यालयका प्रमुख साझेदार थिए ।

**१. राष्ट्रिय मानवअधिकार आयोग**

५५. उच्चायुक्तको कार्यालय-नेपालले राष्ट्रिय मानवअधिकार आयोग (आयोग) सँग राष्ट्रिय तथा क्षेत्रीय स्तरमा संयुक्त क्षमता अभिवृद्धिका

गतिविधिहरूमा सहकार्य गर्नुका साथै मानवअधिकार उल्लङ्घनका आरोपित घटनामा अनुसन्धान गर्नमा उसलाई सहयोग पुऱ्यायो । दुई संस्थाका बीच सहकार्यका नयाँ स्वरूपको परिभाषा गर्ने मार्गनिर्देशिका तथा दातृ निकायद्वारा लगानी गरिएको आयोगको क्षमता विकास परियोजनाको अर्को चरणलाई अन्तिम रूप दिने कार्य हुँदैछ । उच्चायुक्तको कार्यालय-नेपालले सन् २००८ मा आयुक्त तथा कर्मचारीहरूलाई विभिन्न अन्तर्राष्ट्रिय तालिम तथा सम्मेलनमा सहभागी गराउन आर्थिक सहयोग उपलब्ध गराउनुका साथै आयोगका कर्मचारीलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयन अनुगमन गर्ने सूचकाङ्कसम्बन्धी तालिम प्रदान गऱ्यो ।

५६. आयोगले सन् २००८ मा आफ्नो छवि राम्रो पाऱ्यो र सार्वजनिक सूचनासम्बन्धी कार्य अभिवृद्धि गऱ्यो । यसले अनुगमन तथा अनुसन्धानका गतिविधिहरू वृद्धि गर्नुका साथै बालअधिकार तथा महिलाविरुद्धको हिंसासम्बन्धी कार्यक्रमहरूको आयोजना गऱ्यो । यसको संरचनाअन्तर्गत लैङ्गिक सम्पर्क व्यक्तिलाई नियुक्त गरियो । तर, सरकारसँगको बैठकमा जस्तै आफ्नो वार्षिक प्रतिवेदनमा आयोगले आफ्ना सिफारिसहरूलाई कार्यान्वयन गर्न कुनै कदम नचालिएकोमा खेद व्यक्त गऱ्यो ।

५७. नोभेम्बरमा मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिको हैसियत प्रदान गर्नेसम्बन्धी उपसमितिले आयोगका निम्ति क वर्गको हैसियत पुष्टि गऱ्यो तर एक वर्षपछि पुनरावलोकन गर्न सकिने धेरैवटा विषयमा टिप्पणी गऱ्यो । त्यसमा कोषसम्बन्धी कार्यविधि, आयुक्तहरूको छनोट तथा नियुक्ति, पेरिस सिद्धान्तसँग पूर्ण अनुकूल हुनेगरी आयोगको विधानको तयारी तथा मानवअधिकारसम्बन्धी अन्य संस्था तथा नागरिक समाज सङ्गठनहरूसँगको अन्तर्क्रिया जस्ता कुरा थिए ।

## २. नागरिक समाज

५८. सन् २००८ मा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने राष्ट्रिय क्षमता अभिवृद्धि गराउन उच्चायुक्तको कार्यालयद्वारा पाँच क्षेत्रमा आयोजित ६० वटा गतिविधिहरूमा नागरिक समाजका तथा युवा प्रतिनिधिहरू गरी कुल २ हजार १५८ जना सहभागी बने । नागरिक समाजका सदस्यहरूमा पुरुष तथा महिला मानवअधिकार रक्षक, युवा तथा विद्यार्थी

नेता, आदिवासी, दलित, पत्रकार र बुद्धिजीवीका प्रतिनिधिहरू रहेका थिए । उच्चायुक्तको कार्यालय–नेपालका गतिविधिहरू कानुनी शासन, सङ्क्रमणकालीन न्याय तथा दण्डहीनतालाई सम्बोधन गर्ने क्षेत्रमा लगायत शान्ति प्रक्रियामा मानवअधिकारका पक्षहरूलाई अघि बढाउनमा अत्यन्त महत्त्वपूर्ण रहेका मुद्दाहरू एवं संविधानसभा निर्वाचन अनुगमन र संविधान निर्माण प्रक्रियामा नागरिक समाजको सहभागितामा संकेन्द्रित थिए ।

५९. मध्यमाञ्चल क्षेत्रका सबै जिल्लाका मानवअधिकार रक्षक - अन्यमध्ये - लाई मानवअधिकार उल्लङ्घनको अनुगमन र अनुसन्धानसम्बन्धी तालिम उपलब्ध गराइयो । त्यसपछि, सार्वजनिक विरोध प्रदर्शन तथा बलको प्रयोगको अनुगमन सम्बन्धमा नागरिक समाजका प्रतिनिधि र सुरक्षाकर्मीलाई विशिष्टीकृत तालिमहरू दिइए । अन्य गतिविधिहरू विकासका निम्ति मानवअधिकारमा आधारित पद्धति, मानवअधिकार सूचकाङ्कमार्फत् आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुगमन तथा संविधानसभाको समाचार सङ्कलनसम्बन्धी लगायत मानवअधिकार संवेदनशील पत्रकारितामा संकेन्द्रित थिए । उच्चायुक्तको कार्यालय–नेपालले विशेषगरी लोकतान्त्रिक अधिकारजस्ता मानवअधिकारबारेको बुझाइ तथा आपसी संवाद र अन्तर्क्रिया अभिवृद्धि गराउन राजनीतिक दलहरूसँग आबद्धसमेतका युवा सङ्गठनहरूलाई एक ठाउँमा ल्यायो । उच्चायुक्तको कार्यालय–नेपालले आदिवासी अधिकार, प्रतिनिधित्व तथा न्यायमा पहुँचसम्बन्धी कार्यशालाहरूको पनि आयोजना गऱ्यो ।

६०. मानवअधिकार रक्षकहरूको प्रभाव अभिवृद्धि गर्न उच्चायुक्तको कार्यालय–नेपालले सुदूरपश्चिमाञ्चल क्षेत्रमा जातमा आधारित भेदभावविरुद्ध लड्ने सञ्जाल, मध्य तराईमा मानवअधिकारसम्बन्धी सरोकारहरूलाई सम्बोधन गर्ने सञ्जाल तथा काठमाडौँमा हुने विरोध प्रदर्शनहरूको अनुगमन गर्ने सञ्जाललाई सघाउ पुऱ्यायो । उच्चायुक्तको कार्यालय–नेपालले सङ्क्रमणकालीन न्यायमा संलग्नलगायत अगुवा मानवअधिकार गैससहरूसँगको साझेदारी पनि सुदृढ गरेको छ ।

## ३. संविधानसभा

६१. नयाँ संविधानको मस्यौदाले सबै नेपालीका मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूलाई राष्ट्रिय कानुनी खाकामा सुरक्षित गर्ने एक अद्वितीय

अवसर दिएको छ। सन् २००८ मा, उच्चायुक्तको कार्यालय-नेपालले अन्य संयुक्त राष्ट्रसङ्घीय निकायहरूसँग मिलेर संविधानमार्फत् मानवअधिकारको संरक्षणसँग सम्बन्धित कुरामा तथा सहभागितामूलक संविधानवादको प्रवर्द्धन गर्नमा संविधानसभालाई सहायता उपलब्ध गरायो। उच्चायुक्तको कार्यालय-नेपालले गैसस कार्य समूहलाई मानवअधिकार तथा संविधानका सम्बन्धमा सहयोग गरिरहेको छ र यसरी संवैधानिक प्रक्रियामा समन्वय गर्न राष्ट्रिय मानवअधिकार आयोगलगायतका प्रमुख सङ्गठनहरूलाई एकै ठाउँमा ल्याएको छ। संयुक्त राष्ट्रसङ्घीय देशीय टोलीसँगको सहकार्यमा, विज्ञ सेवामा पहुँच बढाउन तथा संविधानसम्बन्धी सर्वसाधारणको चेतना अभिवृद्धि गर्न उच्चायुक्तको कार्यालय-नेपालले संविधानसभा सदस्य तथा सर्वसाधारण दुवैका निम्ति स्थापित स्रोत केन्द्रलाई सहयोग गरेको छ।

## ४. सुरक्षाफौज

६२. विशेषगरी कानुनको पालना गराउने तथा कानुनी शासनसँग सम्बन्धित मानवअधिकार मापदण्डहरूमा जोड दिँदै, उच्चायुक्तको कार्यालय-नेपालले नेपाल प्रहरी (नेप्र) तथा सशस्त्र प्रहरी बल (सप्रब)सँग मिलेर तालिम तथा चेतना अभिवृद्धिसम्बन्धी गतिविधिहरूलाई निरन्तरता दियो। सन् २००८ मा, नेप्र तथा सप्रब दुवैमा दिइएको प्रशिक्षक प्रशिक्षण तालिममार्फत् आन्तरिक क्षमताको विकास गरियो। सन् २००८ मा रेडक्रसको अन्तर्राष्ट्रिय समिति तथा राष्ट्रिय मानवअधिकार आयोगद्वारा तालिम दिइएका तथा अनुगमन गरिएका सप्रबका अधिकारीहरूले सप्रबका १६७ अधिकारीहरूका निम्ति पाँचवटा तालिम कार्यक्रमहरू सञ्चालन गरे। त्यसबाहेक, उच्चायुक्तको कार्यालय-नेपालले संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना कार्यमा खटिएका सप्रबका ६० अधिकारीहरूका लागि पूर्व तैनाथी तालिममा योगदान पुऱ्यायो। सप्रबका लागि मानवअधिकार गोजी पुस्तिकाको तयारीमा ठोस सल्लाह उपलब्ध गराइएको थियो। सो पुस्तिका प्रकाशनको अन्तिम चरणमा रहेको छ। उच्चायुक्तको कार्यालय-नेपालले नेपाली सेनाका १७० अधिकारीहरूका निम्ति मानवअधिकारसम्बन्धी पाँचवटा तालिम कोर्स पनि उपलब्ध गरायो।

## ५. अन्तर्राष्ट्रिय सन्धि निकायहरूमा प्रतिवेदन गर्ने दायित्व

६३. प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूमध्ये नेपालले छवटालाई अनुमोदन गरेको छ। नेपालले २०६४ पुष १९ गते हस्ताक्षर गरेको

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गर्न तथा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक सन्धिपत्र, सबै आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी महासन्धि एवं अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको नेपाललाई पक्ष राष्ट्र बन्नका लागि मानवअधिकार रक्षकहरूले सशक्त रूपमा वकालत गरेका छन् ।

६४. लामो सङ्क्रमणकालीन अवधिले गर्दा संयुक्त राष्ट्रसङ्घीय सन्धि निकायहरूमा सरकारीले प्रतिवेदनहरू बुझाउनमा ढिलाइ भएको छ । मानवअधिकार समिति, जातीय भेदभाव उन्मूलन समिति, महिलाविरुद्धको भेदभाव उन्मूलन समिति तथा यातनाविरुद्ध समितिमा बुझाउनुपर्ने प्रतिवेदनहरूको म्याद गुज्रिसकेको छ । बालअधिकार महासन्धिका दुईवटा ऐच्छिक सन्धिपत्रअन्तर्गतका प्रारम्भिक प्रतिवेदनहरू अझै पेस गर्न बाँकी छन् । सम्बद्ध सन्धि निकायहरूसँगको संलग्नताले मुलुकले समर्थन जनाएका अन्तर्राष्ट्रिय दायित्वहरूलाई पूरा गर्न सघाउ पुऱ्याउनेछ । उच्चायुक्तको कार्यालय–नेपालले संयुक्त राष्ट्रसङ्घीय सन्धि निकायहरूमा प्रतिवेदन गर्नेबारे सरकारी अधिकारीहरूलाई चारदिने तालिम उपलब्ध गरायो । त्यसबाहेक, प्रतिवेदन गर्ने सम्बद्ध कार्यविधि तथा उजुरी गर्ने संयन्त्रहरूलगायत मानवअधिकार सन्धि निकाय प्रणालीसम्बन्धी विशिष्टीकृत तालिमहरू सरकार तथा नागरिक समाजका प्रतिनिधिहरूलाई पाँचवटै क्षेत्रहरूमा उपलब्ध गराइएको थियो ।

## (४) निष्कर्ष तथा सिफारिसहरू

६५. द्वन्द्वको समाप्तियता शान्ति प्रक्रियालाई सुदृढ बनाउन सन् २००८ मा महत्त्वपूर्ण कदमहरू चालिएपछि नेपालमा मानवअधिकारको स्थितिमा उल्लेख्य सुधार आएको छ । नेपाली जनताले २०६४ चैतमा शान्ति तथा परिवर्तनका लागि मतदान गरे । मिश्रित प्रणालीले पहिलेको कुनै पनि प्रतिनिधिमूलक निकायभन्दा बढी हुनेगरी नेपालको विविधतापूर्ण समाजलाई प्रतिविम्बित गर्ने संविधानसभा सुनिश्चित गऱ्यो । यसमा एक तिहाइ महिला छन् र मधेशी, जनजाति तथा “तल्लो” जातिका मानिसलगायत इतिहासदेखि नै सीमान्तीकृत समुदायहरूको उल्लेख्य प्रतिनिधित्व छ ।

६६. नेपालमा भएको रूपान्तरण गहन छ । जनताले दिएको मतका आधार मा नयाँ सरकार सत्तामा आएको छ र गणतन्त्रले राजतन्त्रलाई विस्थापन गरेको छ । तर, शान्ति प्रक्रियालाई सुदृढ गर्ने कार्यमा रहेका चुनौतीहरू अहिलेसम्म पार पाइसकेका चुनौतीजित्तकै भयानक हुन सक्छन् । उच्चायुक्तको कार्यालय–नेपालले द्वन्द्वको मूलभागमा रहेका तथा दिगो शान्ति र विकासका लागि महत्त्वपूर्ण रहेका दण्डहीनता, संरचनात्मक असमानता तथा भेदभावलगायतका मानवअधिकारका मुद्दाहरू सङ्क्रमणकालमा मुख्य भागमा रहनैपर्छ भनी पटकपटक भन्दै आएको छ ।

६७. आम जनतामा नयाँ सरकार र संविधानसभामाथि ठूलो अपेक्षा रहेको छ । शान्ति प्रक्रियाको अनुगमन गर्ने संयन्त्रलगायत विस्तृत शान्ति सम्झौताका धेरै प्रावधानहरू अझै कार्यान्वयन हुन बाँकी छन् । कमजोर अर्थतन्त्र, विशेषगरी तराईमा बिग्रँदो सुरक्षा, माओवादी सेनाका लडाकुहरूको समायोजन तथा पुनर्स्थापना तथा संविधानको विकासका सम्बन्धमा भएको मन्द प्रगतिले ल्याएका समस्यालाई निरन्तरको विद्युत अभाव र बाढीले अझ तीव्र बनाएको छ ।

६८. सरकारले धेरै चुनौतीहरूको सामना गर्नुपरेको छ भन्ने कुरालाई स्वीकार गर्दै उच्चायुक्तको कार्यालय नेपाल सार्वजनिक सुरक्षा, कानुनको शासन र जवाफदेहीतामा सुधार ल्याउन तथा सबै खालका मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले दण्डहीनता एवं भेदभावलाई सम्बोधन गर्ने कुरालाई प्राथमिकता दिन आग्रह गर्छ । प्रमुख मानवअधिकार लिखतहरूमध्ये अधिकांशप्रति आफूलाई प्रतिबद्ध तुल्याउने सन्दर्भमा नेपालले विशेषगरी दक्षिण एसियाभित्र नेतृत्व लिइरहेको देखिएको छ । अब, द्वन्द्वलाई पछाडि छोडेको नेपालसँग मानवअधिकारसम्बन्धी आफ्ना प्रतिबद्धतालाई कार्यान्वयन गर्ने पथप्रदर्शकका रूपमा आफूलाई प्रमाणित गर्ने ऐतिहासिक अवसरलाई पक्डने वास्तविक सम्भावना रहेको छ । सबैभन्दा ठूलो कुरा, द्वन्द्वले गर्दा धेरै वर्षसम्म अभाव र अस्वीकार गरिएको अवस्था खेपेका नेपाली जनता आफ्नो मानवअधिकारको सम्मान र प्राप्तिका हकदार भएका छन् ।

६९. प्रभावकारी मानवअधिकार संरक्षण प्रणालीका लागि बलियो मानवअधिकार संस्थाहरूको आवश्यकता हुन्छ । उच्चायुक्तको कार्यालय–नेपाल पेरिस सिद्धान्तहरूको पालना गरिएको कानुनको अनुमोदन तथा राष्ट्रिय

मानवअधिकार आयोगसँग पर्याप्त कोष र आर्थिक स्वायत्तता सुनिश्चित गर्नेसमेत कुरा रहेको मानवअधिकारको प्रवर्द्धन र संरक्षणसम्बन्धी राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिका सिफारिसहरूको कार्यान्वयन गर्न सरकारलाई प्रोत्साहन गर्दछ। उच्चायुक्तको कार्यालय–नेपाल सन् २००८/२००९ मा राष्ट्रिय मानवअधिकार आयोगको बजेटमा सरकारले गरेको ८५ प्रतिशतको वृद्धिको स्वागत गर्छ र आयोगद्वारा पेस गरिएका सिफारिसहरूमा यथाशीघ्र प्रतिक्रिया दिन सरकारलाई प्रोत्साहन गर्छ। अधिकारमा आधारित अन्य राष्ट्रिय संस्थाहरूलाई स्वतन्त्र, विश्वसनीय र प्रभावकारी बन्न दिन पर्याप्त कोष, आर्थिक स्वायत्तता तथा स्पष्ट कानुनी आधारसहितको आवश्यक सहयोग प्राप्त हुने कुरा पनि सरकारले सुनिश्चित गर्नैपर्छ। यस सम्बन्धमा, पूर्णतया परामर्शकारी प्रक्रिया अवलम्बन गरेर राष्ट्रिय दलित आयोगसम्बन्धी कानुन पारित गर्ने कुरालाई प्राथमिकता दिनुपर्छ।

७०. उच्चायुक्तको कार्यालय–नेपाल मानवअधिकार रक्षकहरूलाई संरक्षण गर्ने तथा उनीहरूलाई डरत्रासमुक्त वातावरणमा मानवअधिकारसम्बन्धी काम गर्न दिने संयन्त्र स्थापना गर्न सरकारलाई आग्रह गर्छ। यस सम्बन्धमा, उच्चायुक्तको कार्यालय-नेपाल मानवअधिकार रक्षकहरूको स्थितिसम्बन्धी विशेष प्रतिवेदकलाई नेपाल भ्रमण गर्ने आमन्त्रण गर्न सरकारलाई प्रोत्साहन गर्छ।

७१. दण्डहीनताको अन्त्य गर्ने कुरा हिंसात्मक विगतबाट मुक्त हुने तथा भविष्यमा उल्लङ्घन हुन नदिने एउटा पूर्व आवश्यकता हो। विश्वसनीय सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने सरकारको प्रतिबद्धता स्वागतयोग्य छ र मेरो कार्यालय संयुक्त राष्ट्रसङ्घीय शान्तिकोषअन्तर्गत सञ्चालित गतिविधिलगायत यस प्रक्रियामा सहयोग गर्न तयार छ।

७२. अन्तर्राष्ट्रिय स्तरको सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापनाका अतिरिक्त द्वन्द्वका क्रममा तथा त्यसपछि भएका गम्भीर मानवअधिकार उल्लङ्घनको अनुसन्धान गरी पीडकहरूलाई अभियोजन गर्न शीघ्र कदम चाल्न तथा यस प्रतिवेदनमा पहिचान गरिएकासमेत चालु अनुसन्धानहरूलाई सहयोग गर्न उच्चायुक्तको कार्यालय–नेपाल सरकारलाई प्रोत्साहन गर्छ। यसका लागि प्रहरी बल, अभियोजकहरू तथा राजनीतिक हस्तक्षेपबाट मुक्त न्यायपालिकासमेत सशक्त र स्वतन्त्र कानुनी शासनका संस्थाहरूको आवश्यकता पर्छ। यस कुरालाई विचार गरेर, उच्चायुक्तको कार्यालय–नेपाल यी संस्थाहरूको स्वतन्त्रतालाई

सुरक्षित गर्ने उपायहरू अवलम्बन गर्न नयाँ संविधानसम्बन्धी आफ्ना छलफलमार्फत् संविधानसभासमेत सरकारलाई आग्रह गर्छ ।

७३. महिला, जनजाति तथा दलितलगायतका इतिहासदेखि नै सीमान्तीकृत समुदायहरूको संविधानसभामा भएको व्यापक प्रतिनिधित्व एउटा प्रशंसनीय उपलब्धि हो । विशेषगरी संविधान मस्यौदा प्रक्रियाका सन्दर्भमा यी समुदायहरूको आवाज प्रभावकारी रूपमा सुनियोस् भन्ने कुरा सुनिश्चित गर्ने दृढ प्रयास गर्न म सरकारलाई प्रोत्साहन गर्छु । उच्चायुक्तको कार्यालय–नेपालले राज्यका संस्थाहरूमा सीमान्तीकृत समुदायहरूको सहभागितालाई सहयोग गर्न तथा धेरै गुनासाहरूलाई रेखाङ्कन गर्ने आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको उल्लङ्घनहरूलाई सम्बोधन गर्नका निम्ति सरकार तथा अन्य साझेदारहरूलाई प्राविधिक सहायता उपलब्ध गराउने कार्यलाई जारी राख्नेछ । यी सरोकारहरू सम्बोधन नगरिएसम्म सामाजिक विभेद अझ गहिरो हुने र त्यसले थप हिंसा निम्त्याउन सक्ने खतरा रहेको छ ।

७४. "छुवाछुत" तथा बँधुवा मजदुर प्रथा उन्मूलन गर्ने कदमको उच्चायुक्तको कार्यालय–नेपाल स्वागत गर्छ र पूर्व बँधुवा मजदुरहरूको पुनर्स्थापनामा सहयोग गर्ने कानुनी खाका स्थापना गर्न सरकारलाई प्रोत्साहन गर्छ । वर्तमान उपायहरू पर्याप्त रूपमा दूरगामी नभएका र विभिन्न समुदायहरूसँग गरिएका सम्झौताहरू कार्यान्वयन नगरिएकाले लामो समयदेखिको भेदभावलाई सम्बोधन गर्न थप कदम आवश्यक छन् । नेपालस्थित मेरो कार्यालयले यी समुदायहरूलाई सहयोग गर्ने कार्यादेश पाएका राष्ट्रिय संस्थाहरूको क्षमता अभिवृद्धि गरेरसमेत सीमान्तीकृत समुदायहरूलाई सहायता गर्न जारी राख्नेछ ।

७५. द्वन्द्वका मूल कारणहरूमध्ये भूमिमाथिको द्वन्द्व एक हो । भूमिसम्बन्धी आयोगको स्थापना एउटा महत्त्वपूर्ण अग्रगामी कदम हो र आयोगलाई आवश्यक पर्ने सहयोग प्राप्त हुने तथा आयोगले पारदर्शी, समावेशी तथा निष्पक्ष रूपबाट कार्य गर्ने कुरा सुनिश्चित गर्न सरकारलाई प्रोत्साहन गरिन्छ ।

७६. नेपालस्थित उच्चायुक्तको कार्यालय सबै मानवअधिकारको संरक्षण र उपभोग गर्ने आकाङ्क्षाहरू पूरा गर्न नेपाल सरकार तथा नेपाली जनतालाई आवश्यक सहयोग तथा प्राविधिक सहायता निरन्तर उपलब्ध गराउन तयार छ ।